**बैठक संख्या:- ११५**

आज मिति २०८०/१२/२३ गते शुक्रवार दिउसो ठिक २:०० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री सुदिप पौडेल ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहायको बमोजिमको निर्णय गरियो ।

| क्र.स. | नाम ,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप पौडेल | नगर प्रमुख | |
| २ | श्री सुनिता गुप्ता | नगर उप-प्रमुख | |
| ३ | श्री मुहम्मद जाहिद खाँ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री अशोक कुमार गुप्ता | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र वहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं .४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री रामजित प्रसाद कुर्मी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री इन्द्रमणी कुर्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दिपक गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री इन्सान अलि धुनियाँ | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री चन्द्रा कुर्मी | कार्यपालिका सदस्य | |
| १६ | श्री प्रेमा देवी कोरिन | कार्यपालिका सदस्य | |
| १७ | श्री मानति कहाईन | कार्यपालिका सदस्य | |
| १८ | श्री शिरविन्दु थारु | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रभावति यादब | कार्यपालिका सदस्य | |
| २० | श्री गोविन्द कहार | कार्यपालिका सदस्य | |
| २१ | श्री गंगेश कुमार वर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री राम दास चमार | कार्यपालिका सदस्य | |
| २३ | श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति :-**

| | | | |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद ज्ञवालि | उप-सचिव(शिक्षा) | |
| २ | श्री अब्दुल रसिद खाँ | सल्लाहकार | |
| ३ | श्री युवराज भुषाल | वि.वि. | |
| ४ | श्री कितोष कुँवर | अधिकृत | |
| ५ | श्री प्रभाकर चौधरी | सु.प्र.अ. | |
| ६. | श्री बलराम पोखरेल | लेखा. अधिकृत | |

## मिति २०८०/१२/२३ गतेको कार्य पालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या :- ११५

## बैठकका प्रस्तावहरु

१ गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२ शिक्षा सम्वन्धि।

३ हिँउदे नगरसभा सम्वन्धमा।

४ समसामायिक विविध।

**निर्णयहरु**

१. मिति २०८०/१२/१७ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो।

२. कपिलवस्तु नगरपालिकामा पूर्ण रुपमा माध्यमिक शिक्षा निशुल्क कार्यक्रम कार्यान्वयनका लागि कपिलवस्तु नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको आन्तरिक आम्दानीका स्रोत र खर्चका लागि चाहिने रकमको यकिन गर्नका लागि सम्बन्धित वडा अध्यक्ष, शिक्षा समितिका पदाधिकारी र शिक्षा शाखाको संयुक्त टोलीबाट विद्यालयको स्थलगत निरीक्षण गरी यथार्थ जानकारीको लागि विद्यालयको लागि चाहिने कार्यालय संचालन तथा व्यवस्थापन, विद्युत महशुल र परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यका लागि चाहिने खर्च सहितको ५२ वटै सामुदायिक विद्यालयको आन्तरिक आम्दानी र खर्चको यथार्थ विवरणको प्रतिवेदन तयार गर्दा जम्मा रु.१,७७,२०,५००।- हुन आएकोमा उक्त शिर्षकमा जम्मा रु.१,४०,००,०००।- बजेट विनियोजन भएकोमा रु.३७,२०,५००।-अपुग भएकोले समष्टिमा सम्पूर्ण विद्यालयमा समानुपातिक रुपमा २१% घटाई सामुदायिक विद्यालयहरुमा अनुदान रकम निकासा गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको आ.व.२०८०/८१ प्रचलित कानून बमोजिम हिँउदे नगरसभा मिति २०८१/१/४ गते मङ्गलवार गर्ने निर्णय गरियो।

**समसामायिक विविध:-**

१. यस कपिलवस्तु नगरपालिकाका समयमै सम्पूर्ण योजनाहरु अनगमन गर्न मौजुदा सवारी साधनको अपूग भएको हुँदा तिन महिना (बैशाख जेठ र असार) महिनाको लागि एक सवारी साधन भाडामा लिने निर्णय गरियो।

२. क.व.न.पा.वडा नं.११ स्थित जहदि स्वास्थ्य चौकिको लागि एक थान एम्वुलेन्स माग गर्न भारतीय राजदुतावासलाई सिफारिस गर्ने निर्णय गरियो

३. कपिलवस्तु नगरपालिकाको विधायन समितिद्वारा पेश भएको "कपिलवस्तु नगरपालिकाको कर्मचारी प्रोत्साहन कार्यविधि, २०८०" को स्वीकृत गर्ने निर्णय गरियो।

४. क.व.न.पा.वडा नं.८ स्थित दोहनी स्वास्थ्य चौकीमा मौजुदा जनशक्तिले कार्य सम्पादनमा कमि हुँदा वडावाट विनियोजित वजेटवाट दैनिक ज्यालादारमा आगामि तिन महिना (वैशाख जेठ र असार) को लागि एक जना कर्मचारी दैनिक ज्यालामा लगाउने निर्णय गरियो ।

५. क.व.न.पा.वडा नं.९ कार्यालयको मिति २०८०/११/२० च.न.११९१ पत्रानुसार उक्त वडा स्थित जलैया केवलपुरको पश्चिम रहेको वनको जग्गा जसको पुर्वमा व्यक्तिगत प्रयोगमा रहेको जग्गा पश्चिममा बाणगंगा नदि उत्तर र दक्षिणमा वनको जग्गा भित्रको चारकिल्लामा ५६ विगाहा, १ कठ्ठा, ७ धुर क्षेत्रफलको जग्गामा बुद्दको अग्लो मुर्ति, गुम्वा तथा पार्क निमार्णको लागि जग्गा लिजमा माग भईकोमा यस कार्यलयको नापी टोलि समेतको आधारमा उक्त जग्गा दैवि प्रकोपका लागि आवश्यक नपर्ने भनि लेखि आएको हुँदा सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

६. क.व.न.पा.वडा नं.९ कार्यालयको मिति २०८०/११/२० च.न.११९२ पत्रानुसार उक्त वडा स्थित जलैया केवलपुरको पश्चिम रहेको वनको जग्गा जसको पुर्वमा व्यक्तिगत प्रयोगमा रहेको जग्गा पश्चिममा बाणगंगा नदि उत्तर र दक्षिणमा वनको जग्गा भित्रको चारकिल्लामा ५६ विगाहा, १ कठ्ठा, ७ धुर क्षेत्रफलको जग्गामा बुद्दको अग्लो मुर्ति ,गुम्वा तथा पार्क निमार्णको लागि जग्गा लिजमा माग भईकोमा यस कार्यलयको नापी टोलि समेतको आधारमा उक्त जग्गा सार्वजनिक जग्गा लिजमा उपभोग कार्यविधि, २०७३ बमोजिम जग्गा प्राप्ति वा उपभोगिधिकार लागि लेखि आएको हुँदा सम्वन्धित निकायमा जग्गा प्राप्ति वा उपभोगिधिकारका लागि सिफारिस गर्ने निर्णय गरियो ।

७. श्री बाबुल निर्माण सेवावाट निर्माणाधिन ठे.नं. KM/NCB/RD/077/078-53 को पिपरहवा विठुवा सौरहा सडक निर्मण कार्यको लागि कार्यालय बाट पेश भई अएको राय अनुसार मिति २०८० चैत्र ३० गते सम्म ठेक्काको म्याद थप गर्ने निर्णय गरियो ।

८. श्री तपेश्वरी/श्रीराम/सैनामैना जे.भी. बाट निर्माणाधिन ठे.नं. KM/NCB/LI/078/079-30 को लिफ्ट सिचाई योजना पिपरहवा निर्माण कार्यको लागि कार्यालय बाट पेश भई अएको राय अनुसार मिति २०८१ वैशाख ३० गते सम्म ठेक्काको म्याद थप गर्ने निर्णय गरियो ।

९. श्री सप्तऋषि निर्माण सेवा क.ब.न.पा-१ कपिलवस्तु बिच ठे.नं. KM/079/80-60 को हैण्डपम्प जडानको लागी मिति २०८०/०४/२६ गते भएको सम्झौता बमोजिम सम्पुर्ण कार्य २०८०/०६/२१ गते भित्रा सम्पन्न गर्नु पर्नेमा सम्बन्धित निर्माण व्यवसायीको प्रोप्राईटर श्री अच्युत अर्यालको मृत्यु भईसकेकोले निज संग भएको ठेक्का सम्झौता तोडने निर्णय गरियो ।

१०. कपिलवस्तु नगरपालिका दोहनी पुरतात्व विभागको नियन्त्रणमा रहेको स्थानमा छाडा चौपायाको व्यस्थापन गरिरहेकोमा छाडा चौपाया व्यवस्थापन समितिको निर्णयानुसार उक्त स्थानवाट छाडा चौपायालाई निकालने निर्णय गरियो ।

११. गत आ.व. २०७९/०८०मा प्रोत्सहन भत्ता प्रप्त गर्न छुट भएको कर्मचारीहरुलाई चालू आ.व. मा प्रोत्सहन भत्ता उपलब्ध गरउन नगरसभामा वजेट व्यवस्थापनको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१२. बाणगंगा खोला अन्तर्गत ठे.नं.KM/080/081-07 को सगरहवा नाका र ठे.नं. KM/080/081-09 को पिपरहवा नाका बाट नदी जन्य पदार्थ उत्खनन, संकलन र बिक्रि बितरणको लागी ठेक्का प्रक्रियामा सहभागी भई सम्झौता गर्ना नआएको निर्माण व्यवसायी श्री शुभम निर्माण सेवा क.ब.न.पा-४ कपिलवस्तु लाई कालो सूचिमा राख्न सिफारिस गर्नाको लागी कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१३. संघीय एवं प्रदेश सरकारवाट वजेट विनियोजन भएका रु १० लाख भन्दा वढीको योजनाहरु स्थानीय आवस्यक्ताका आधारमा उपभोक्ता समिति मार्फत कार्यन्वयन गर्ने निर्णय गरियो ।

१४. प्रदेश सम्पुरक अनुदान कार्यक्रमबाट ठे.नं. KM/080/081-15 को क.ब.न.पा १२ मा जुद्धवाध निर्माण कार्यको लागि ठेक्का आव्हान भएकोमा वडा नं. ४ र वडा नं. १२ वीच विबाद भई पटक पटकको छलफलको लागि प्रयास गर्दा पनि विवाद समाधान नभएको हुदाँ उक्त योजना संचालन गर्ने अवस्था नभएकोले ठेक्का प्रक्रिया रद्द गर्ने निर्णय गरियो । ।

प्रमाणित